# नेपाल टेलिकम
# NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष्य

प.सं ०८२।८३
च.नं. प्रे.वि.नं. १४

मिति- २०८२।१२।१०

*डेनमार्क र दक्षिण कोरियामा International VoLTE Roaming सेवा प्रारम्भ भएको सम्बन्धी*
**प्रेस विज्ञप्ति**

नेपाल टेलिकमको मोबाइल प्रयोग गरी आज देखि डेनमार्क र दक्षिण कोरियामा समेत अन्तर्राष्ट्रिय भोल्टी रोमिङ (International VoLTE Roaming) सेवा प्रयोग गर्न सकिने भएको छ । यसका लागि नेपाल टेलिकम र डेनमार्कको टेलिनोर डेनमार्क तथा दक्षिण कोरियाको एसके टेलिकम बिच सम्झौता सम्पन्न भएको छ ।

यो सेवा क्यानडा, अमेरिका, अष्ट्रेलिया, लक्जेमबर्ग, इजरायल र ताइवान-आरओसीमा पहिले देखि नै उपलब्ध छ । यस अनुसार अब ८ देशमा भोल्टी रोमिङ सेवा प्रयोग गर्न सकिने भएको छ । नेपाल टेलिकमले यसका लागि ती देशका ९ सेवा प्रदायकसँग सम्झौता गरेको छ ।

विदेशमा समेत नेपाल टेलिकमको मोबाइल सेवा प्रयोग गरी नेपालकै जस्तो भ्वाइस, डाटा र एसएमएस सेवा प्रयोग गर्न सकिने प्रविधिलाई रोमिङ सेवा भनिन्छ । अन्तर्राष्ट्रिय भोल्टी रोमिङ सेवामा एचडी गुणस्तरको भ्वाइस कल गर्न सकिन्छ ।

भोल्टी अर्थात भ्वाइस ओभर एलटीई (VoLTE - Voice Over LTE) नेपाल टेलिकमले राष्ट्रिय स्तरमा पहिले देखि नै उपलब्ध गराइरहेको सेवा हो । यसका लागि मोबाइलमा यो सेवा एक्टिभेट गरेको हुनुपर्छ भने मोबाइल सेट पनि यो सेवा चल्ने हुनुपर्छ ।

आफ्नो मोबाइलको स्क्रिनको माथिल्लो भागमा HD वा VoLTE लेखेको छ भने सो मोबाइल सेटमा भोल्टी सेवा प्रयोग गर्न सकिन्छ भन्ने थाहा हुन्छ । यदि छैन भने *444# डायल गरी 'Activate VoLTE' विकल्प छान्नु पर्छ । त्यसपछि यो सेवा सुचारु हुन्छ ।

यस सम्बन्धी थप जानकारी https://www.ntc.net.np/post/volte मार्फत लिन सकिन्छ ।

२०८२।१२।१०

रबिन्द्र मानन्धर
प्रवक्ता


सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२